मेरो नेपाली किताब

कक्षा २



मेरो नेपाली किताब

कक्षा २

लेखक तथा सम्पादक
दिवाकर ढुङ्गेल

प्रकाशक : श्री ५ को सरकार
शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय
पा. वि. केन्द्र/आ. तथा प्रा.शि. परियोजना
प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक विकास एकाइ
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

प्रथम संस्करण २०५०
दोस्रो संस्करण २०५१
तेस्रो संस्करण २०५२

मूल्य रु. २१/८०

मुद्रक : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेसन प्रेस)

प्राक्कथन

- प्रस्तुत *मेरो नेपाली किताब* कक्षा २ का बालबालिकाहरूका निमित्त नेपाली भाषाको पाठ्यपुस्तकका रूपमा तयार गरिएको हो । यसको अध्ययनपछि विद्यार्थीहरूले कक्षा दुईका निम्ति निर्धारण गरिएका भाषाका सिकाइउपलब्धिहरू हासिल गर्नेछन् ।

- यो पुस्तक यस रूपमा आउनुअघि पूरै तीन शैक्षिक सत्रको अवधिमा व्यापक रूपमा परीक्षण गरी सोका आधारमा आवश्यक संशोधन र सुधारसमेत गराई प्रकाशमा ल्याइएको छ । परीक्षणकालमा शिक्षक, अभिभावक, प्रधानाध्यापक र स्रोतव्यक्तिहरूका प्रतिक्रिया एवम् बालबालिकाहरूले गरेका उपलब्धिहरूसमेतको अध्ययन गरिएको थियो । उक्त अध्ययन तथा शैक्षिक क्षेत्रका विभिन्न पक्षमा दक्ष व्यक्तिहरूसितको व्यापक छलफलका आधारमा परिमार्जन गरी किताबलाई यो रूपमा ल्याइएको हो । यो सामग्री विद्यार्थी र शिक्षक दुवैलाई अझै सरल र प्रभावकारी हुने आशा गरिएको छ । यो पुस्तक अध्यापन गर्दा यसैका लागि तयार गरिएको शिक्षक निर्देशिका अध्ययन गर्नु आवश्यक छ ।

- यस पुस्तकको लेखन तथा सम्पादन श्री दिवाकर ढुङ्गेलले गर्नुभएको हो । पुस्तकको रूपसज्जा, चित्र-संयोजन तथा आवरणपृष्ठको काम श्री नविन्द्रमान राजभण्डारीले गर्नुभएको हो । दृष्टान्त-चित्र बनाउने काममा जापानी स्वयम्सेविका सुश्री यासुको ओदा र बेलायती स्वयम्सेवक श्री फ्रान्सिस मोस्लेले सहयोग गर्नुभएको हो । केही चित्रहरू श्री उज्ज्वलकुन्दन ज्यापू र श्री राजेश मानन्धरबाट प्राप्त भएका हुन् ।

- अन्त्यमा, यस पुस्तकलाई सुधार गर्न आफ्ना अमूल्य राय, सुझाउ तथा प्रतिक्रिया दिनुहुने सबै महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ । यस पुस्तकलाई अझ बढी प्रभावकारी पार्न सहयोग मिल्ने रचनात्मक सुझाउहरूको सदा स्वागत गरिनेछ ।

२०५० भदौ

प्रकाशक

Bhupendra Man Singh
Q. 15/24, Pakhajole,
Ktm., Nepal.

पुस्तकका सम्बन्धमा

- भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप प्रदान गर्ने उद्देश्यले तयार पारिएको यस पुस्तकको अध्ययनपछि बालबालिकाहरूले शब्दको शुद्ध उच्चारण तथा लेखन, पठनबोध, शब्द-निर्माण, वाक्य-निर्माण तथा कुनै वस्तु वा घटनाका बारेमा प्रश्नोत्तर र वर्णन पनि गर्नेछन् भन्ने आशा राखिएको छ ।

- कविता, चित्र, कथा, प्रबन्ध, संवाद, चित्रकथा आदि विधामार्फत भाषा सिकाउने प्रयास यस किताबमा भएको छ । घरपरिवार, विद्यालय, खेतीपाती, प्राकृतिक वातावरण, संस्कृति आदि विभिन्न स्थितिमा भाषाको प्रयोग गर्नुपर्ने हुनाले बालबालिकाहरूको स्तरअनुसार उपर्युक्त विषयहरूभित्र रही पाठहरूको विकास गरिएको छ । यिनै विषय-क्षेत्रभित्र पर्न आउने विभिन्न शब्दहरूका आधारमा शब्दभण्डार को पनि वृद्धि गराउन खोजिएको छ । धेरै लामा वाक्यहरू बालबालिकाहरूलाई उपयुक्त नहुने हुनाले प्रस्तुत किताबमा यस पक्षलाई पनि विशेष ध्यान दिने प्रयास गरिएको छ ।

- पाठ्यवस्तुहरूमा सकेसम्म हिमाल, पहाड र तराई; गाउँ र शहर; लिङ्गभेद आदिमा सन्तुलन मिलाउन खोजिएको छ । यथासम्भव प्रासङ्गिक चित्रहरू पनि समावेश गरिएका छन् ।

- बालबालिकाहरूलाई व्यावहारिक तथा कार्यमूलक रूपमा भाषा सिकाउने प्रयास पनि यसमा भएको छ । अभ्यासबिना भाषा-सिकाइ अधुरै हुने भएकाले प्रत्येक पाठपछि विभिन्न अभ्यासहरू दिइएका छन् । ती अभ्यासहरू विद्यार्थीहरूलाई अनिवार्य रूपमा गराउनुपर्छ । कुनै पनि पाठ आफैंमा पूर्ण हुँदैन । यसको अभ्यास-खण्ड झन् महत्त्वपूर्ण हुन्छ । त्यसैले अभ्यास-खण्डमा दिइएका प्रत्येक अभ्यासहरू र त्यस्तै अरू थप अभ्यास पनि बनाई गराउनुपर्छ ।

- शुद्ध उच्चारण र वर्णविन्यासमा देखिएको र हुनसक्ने त्रुटिलाई हटाउने उद्देश्यले केही अभ्यासहरू समावेश गरिएका छन् । ए य । ब व ओ । श स । छ्य क्ष । ट त । ड द आदि अक्षरहरूको शुद्ध उच्चारण र वर्णविन्यास गराउँदा विशेष ध्यान दिनु जरुरी छ ।

- आफ्ना सुझाउ र प्रतिक्रिया दिई पुस्तकलाई यस रूपमा ल्याउन सहयोग गर्नुहुने सबैप्रति आभारी छु ।

- अन्त्यमा, यस पुस्तकलाई अझै परिमार्जन गर्न प्राप्त हुने सुझाउ तथा प्रतिक्रियाको आशा गर्दै ...

२०५० भदौ

दिवाकर ढुङ्गेल

विषयसूची

पाठ	शीर्षक	पृष्ठ
१.	सियो खोइ सियो !	७
२.	काग र फ्याउरो	८
३.	गाउँघर	१६
४.	आधा अक्षर	१८
५.	बुबु-माम	२३
६.	मुसीको बिहे	२९
७.	शहर	४०
८.	गाई	४२
९.	छलिएको केटो	४७
१०.	सात बार सात दिन	५३
११.	महिना	५९
१२.	बोल्ने गुफा	६५
१३.	के कहाँ बस्छ ?	७२
१४.	मामा र माइजू	८०
१५.	बिदाको दिन	८७
१६.	मंकै र भटमास	९९
१७.	आजको रेडियो कार्यक्रम	११०
१८.	हाम्रो देश नेपाल	११७
१९.	गाई र घोडा	१२४
२०.	पहिरे गाउँको फुस्रे डाँडो	१३१
२१.	कस्तो राम्रो सपना !	१३८

पाठ १

सियो खोइ सियो !

- माधवप्रसाद घिमिरे

सियो खोइ सियो
ऐले यहीँ थियो
ऐले पऱ्यो काँ काँ
खोज तीखा आँखा !



सानुसानु सियो
काम ठूलो थियो
कता परिदियो
सियो खोइ, सियो !

हराएको सियो
लुकी गर्छ चियो
हेर हेर, आँखा
हेरेको हो काँ काँ





आँखा यता नजा
लुक्नु कति मजा !
पैले त्यसै फाल्यौ
ऐले भुन्न थाल्यौ

पाठ २

काग र फ्याउरो

फ्याउरो
चुच्चो
रूख
खुट्टा
पखेटा

एउटा काग रूखमा बसिरहेको थियो । त्यस कागका मुखमा मासुको एउटा चौटो थियो । परबाट एउटा फ्याउरो आइरहेको थियो । फ्याउरालाई भोक लागिरहेको थियो । त्यस फ्याउराले कागलाई देख्यो । त्यसले कागका मुखमा रहेको मासुको चौटो पनि देख्यो । फ्याउराले त्यो मासु आफैँ खाने विचार गऱ्यो ।

फ्याउराले कागलाई भन्यो- "काग भाइ, तिमी धेरै राम्रा छौ । तिम्रो चुच्चो राम्रो छ । तिम्रा पखेटा राम्रा छन्। तिमी त उडेर यताउता जान पनि सक्छौ। तिम्रा खुट्टा पनि राम्रा छन् । तिम्रा सबै कुरा राम्रा छन्। तर तिमी गीत गाउन चाहिँ सक्तैनौ ।"

गीत गाउन सक्तैनौ
भनेको सुनेर कागलाई
फ्याउरादेखि रिस उठ्यो ।
कागले भन्यो- "हेर फ्याउरा
दाइ, म गाउन पनि सक्छु ।"

यति बोल्नासाथ कागका मुखबाट
मासुको चौटो खस्यो । फ्याउराले
मासुको त्यो चौटो खायो ।

फ्याउराले हाँस्दै भन्यो- "काग भाइ, तिमी त गाउन पनि सक्ने रहेछौ !" यति भनेर फ्याउरो हिँड्यो। काग जिल्ल पऱ्यो ।

अभ्यास १ **छलफल गर र उत्तर भन –**

क) पाठको चित्रमा तिमी के-के देख्छौ ?

ख) फ्याउराले किन मासु खान चाहेको हो ?

ग) कागका के-के कुरा राम्रा छन् ?

घ) कागका मुखबाट मासुको चौटो कसरी खस्यो ?

ङ) काग किन जिल्ल पऱ्यो ?

च) काग र फ्याउराको कथा भन ।



अभ्यास २ चित्र हेरी तलका शब्दहरू चिन -



फ्याउरो

चुच्चो



रूख

पखेटा

खुट्टा

अभ्यास ३ तलका दुई थरी वाक्यहरू पढ र बुझ –

तिमी उड्न सक्छौ ।	तिमी उड्न सक्तैनौ ।
म किताब पढ्छु ।	म किताब पढ्दिनँ ।
ऊ काम गर्छ ।	ऊ काम गर्दैन ।
हामी धेरै लेख्छौँ ।	हामी धेरै लेख्दैनौँ ।
उनी लेख्छिन् ।	उनी लेख्दिनन् ।

अभ्यास ४ उदाहरण हेरी तलका वाक्यहरूको उल्टो अर्थ लेख -

उदाहरण : **तिमी गाउँछौ । तिमी गाउँदैनौ ।**

(क) तिमी गाउँछौ ।

(ख) म लेख्छु ।

(ग) तिनीहरू खान्छन् ।

(घ) ऊ पढ्दैन ।

(ङ) तपाईं टिप्नुहुन्छ ।

(च) तिमी पढ्छौ ।

(छ) म भन्दिनँ ।

(ज) तिनीहरू नाच्दैनन् ।

(झ) ऊ जाँदैन ।

(ञ) तिमी भन्छ्यौ ।

अभ्यास ५ तलका पूरा नभएका वाक्यहरू आफ्नो कापीमा सार र खाली ठाउँमा मिल्ने शब्द लेख -

(क) फ्याउरालाई भोक लागिरहेको .....।

(ख) म कुरा गरिरहेको .....।

(ग) काग रूखमा बसिरहेको .....।

(घ) तिमी पढिरहेका .....।

(ङ) तिनीहरू गइरहेका .....।

(च) तिमी हाँसिरहेका .....।

(छ) राम लेखिरहेका .....।

(ज) म नाचिरहेको .....।

(झ) मानिसहरू फलफूल किनिरहेका .....।

थियो
थिए
थियौ
थिएँ

अभ्यास ६ उदाहरण हेरी तलका शब्दहरूको उल्टो अर्थ लेख -

उदाहरण : जान्छौँ - जाँदैनौँ

जान्छौँ	काट्छन्	खान्छौँ
भन्नुहुन्छ	भन्छ	लाउँछु

अभ्यास ७ कापीमा सारेर धर्काले जोडा मिलाऊ -

सुन्छौँ	सुन्नुहुन्न
सुन्छन्	सुन्छु
सुन्नुहुन्छ	सुन्दैनौँ
सुन्दिनँ	सुन्दैनन्
सुन्दैन	सुन्दिनौ
सुन्छ्यौ	सुन्छ

पाठ ३

गाउँघर



अभ्यास १ **चित्र हेर र वर्णन गर-**

(क) अघिल्लो पानाको चित्रमा के-के देख्छौ ?

(ख) चित्रमा कति जना मानिसहरू छन् ?

(ग) चित्रमा कुन-कुन जनावरहरू छन् ?

(घ) माथिको चित्र कुन बेलाको हो ?

(ङ) मानिसहरू के-के गर्दै छन् ?

(च) गाउँघरमा के-के कुराहरू हुन्छन् ?

अभ्यास २ **घरका पाँच भागका नाम कापीमा लेख ।**

अभ्यास ३ **पाँच ओटा भाँडाका नाम कापीमा लेख ।**

अभ्यास ४ **पाँच ओटा रूखका नाम कापीमा लेख ।**

पाठ ४

आधा अक्षर

आधा अक्षर बन्ने अरू तरिका :

(क) अक्षरको तलतिर अक्षर झुन्ड्याएर

क् + क = क्क	च + क् + कु	चक्कु
द् + ध = द्ध	बु + द् + ध	बुद्ध
द् + व = द्व	द् + वा + र	द्वार
ट् + ट = ट्ट	क + ट् + टु	कट्टु
ङ् + क = ङ्क	अ + ङ् + क	अङ्क
ङ् + ख = ङ्ख	प + ङ् + खा	पङ्खा

(ख) १. ^ चिन्ह लगाएर

ट् + र = ट्र	ट्रक
ड् + र = ड्र	ड्राइभर

(ख) २. ऋकार लगाएर

क् + ऋ = कृ	कृष्ण
प् + ऋ = पृ	पृथ्वी
म् + ऋ = मृ	मृग
व् + ऋ = वृ	वृक्ष
न + ऋ = नृ	नृत्य
ग् + ऋ = गृ	गृह

(ख) ३. ‿ चिन्ह लगाएर

	भ + र् + या + ङ	भ्याङ
र् + य = ‍्य	र् + या + ल	‍्याल
	प + र् + यो	प‍्यो

(ख) ४. / चिन्ह लगाएर

ख् + र = ख	बा + ख् + रा	बाखा
ग् + र = ग्र	गा + ग् + री	गाग्री
प् + र = प्र	छा + प् + रो	छाप्रो
ह् + र = ह्र	बा + ह् + र	बाह्र

अभ्यास १ तलका वाक्यहरू पढ –

चक्कु नचलाऊ । **चक्कुले** काट्छ ।

बुद्ध लुम्बिनीमा जन्मेका थिए ।

तिमीले कति **अङ्क** पायौ ?

पङ्खा चलाउँदा हावा आउँछ ।

ड्राइभरले ट्रक चलाए ।

भऱ्याङमा बिस्तारै चढ ।

आज पानी **पऱ्यो** ।

कृष्णले मृग पालेका छन् ।

दीपाले **बाख्रा** पालेकी छिन् ।

हामी **गाग्री** बोक्छौं ।

तपाई **छाप्रो** बनाउनुहुन्छ ।

म **बाह्र** बजे आउनेछु ।

अभ्यास २ तलका शब्दहरूको उच्चारण गर र ती शब्दहरूलाई कापीमा लेख –

चक्कु	बुद्ध	अङ्क	पङ्खा
ट्रक	ड्राइभर	कृष्ण	पृथ्वी
मृग	गृह	भऱ्याङ	ऱ्याल
पऱ्यो	बाखा	गाग्री	छाप्रो
बाह्र	ऋषि	ऋण	ऋतु
षट्कोण	पुरुष	पौष	राजेन्द्र
रामचन्द्र	चन्द्रमा	धर्ती	सुर्ती
फुर्ती	श्री	श्रावण	श्राद्ध

पाठ ५

बुबु-माम

बुबु
माम
तेते
काइँकोरी
पापा
चाचा
नाना

बाले बाछी फुनुभो
अनि बुबु दुहुनुभो ।
बुबु-माम खाउँला
अनि तेते लाउँला ।

काइँकोरी गरेर
मोटरमा चढेर ।
मामाघर जानेछौँ ।
चिची-पापा खानेछौँ ।

मामालाई भनेर
माइजूलाई भनेर ।
नाना-चाचा लाउँला
अनि घर आउँला ।

अभ्यास १ **छलफल गर र उत्तर भन-**

(क) चित्रमा के-के देख्छौ ?

(ख) बाले ‘के गर्नुभयो ?

(ग) तेते भनेको के हो ? ?

(घ) बच्चाहरूले बुबु-माम खाएपछि के गर्नेछन् ?

(ङ) बच्चाहरूले मामा र माइजूलाई भनेर के किन्नेछन् ?

अभ्यास २ **बच्चाहरू के-के भन्छन्, बुझ -**

बाँ-बाँ = गाई

बुबु = दूध

माम = भात

तेते = तेल

काइँकोरी = कपाल कोर्ने काम

पापा = गुलिया खाने कुरा, रोटी आदि

चाचा = गहना वा खेल्ने कुरा

नाना = लुगा

अभ्यास ३ जोडा मिलाऊ -

बाँ-बाँ	मासु
आइँ	लुगा
चिची	गाई
नाना	भैंसी
मने	कपाल कोर्नु
पापा	तेल
काइँकोरी	पाठो
तेते	गुलिया खाने कुरा



अभ्यास ४ तलको उदाहरण हेरी खाली ठाउँमा ठीक शब्द लेख -

उदाहरण :

मं घर जानेछु ।
तिमी घर जानेछौ ।
हामी घर जानेछौँ ।
ऊ घर जानेछ ।

(क) म विद्यालय ..... ।

तिमी विद्यालय ..... ।

हामी विद्यालय ..... ।

राम विद्यालय ..... ।

(ख) ..... पापा खानेछु ।

..... पापा खानेछ ।

..... पापा खानेछौँ ।

..... पापा खानेछौ ।

अभ्यास ५ उदाहरण हेरी तालिकाबाट सात ओटा वाक्य बनाऊ -

उदाहरण :

राम किताब किन्नेछ

राम		
लखन	किताब	किन्नेछ ।
पुरन	कापी	
दोर्जे		

अभ्यास ६ तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर -

बाँ-बाँ | बुबु | माम | तेते

पापा | चाचा | नाना

पाठ ६

मुसीको बिहे

ऋषिले त्यो मुसीलाई कुटीमा लगे । उनले मुसीलाई छोरी बनाएर पाले । मुसी दिनदिनै बढ्दै गई । मुसी ठूली भई । उसको बिहे गर्ने बेला पनि भयो ।

ऋषिले सूर्यकहाँ गएर सोधे -
सूर्य, तपाईंभन्दा ठूलो को छ ?
मभन्दा ठूलो त बादल छ । बादलले मलाई छेकिदिन्छ । त्यसैले बादल मभन्दा ठूलो छ ।
छोरी, सूर्यभन्दा पनि ठूला त बादल पो रहेछन् । बादलसँग बिहे गर्छ्यौ ?
अहँ, म बादलसँग बिहे गर्दिनँ । बादल कालो छ ।

अनि ऋषिले बादललाई पनि सोधे -

ऋषिले हावासँग पनि सोधे -

अनि ऋषिले पहाडलाई पनि सोधे -

सबैसँग सोध्दा मुसो नै ठूलो देखियो । ऋषिकी छोरी पनि मुसी नै थिई । ऋषिले एक छिन विचार गरे ।

ऋषिका कुरा सुनेर मुसी असाध्यै खुसी भई ।

ऋषिले एउटा मुसो खोजेर ल्याए ।

ऋषिले मुसीको बिहे मुसासँग गरिदिए ।

अभ्यास १ **छलफल गर र उत्तर भन –**

(क) ऋषिको अगाडि मुसी कसरी आई ?

(ख) किन मुसीको बिहे ऋषिले सूर्यसँग गर्ने विचार गरे ?

(ग) मुसीले किन बादलसँग बिहे नगरेकी हो ?

(घ) पहाड हावाभन्दा ठूलो कसरी भयो ?

(ङ) मुसो पहाडभन्दा ठूलो कसरी भयो ?

(च) मुसीको बिहे मुसासँग किन भयो ?

अभ्यास २ मिल्ने शब्द छानी पूरा वाक्य कापीमा लेख -

क) ऋषि नदीमा ..... थिए ।

नुहाउँदै
पढ्दै

ख) चीलले मुसीलाई ..... थियो ।

ल्याउँदै
सुन्दै

ग) मुसी दिनदिनै ..... थिई ।

रुँदै
बढ्दै

घ) ऊ खुसीले ..... थिई ।

नाच्दै
पढ्दै

ङ) मानिसहरू नदीमा ..... थिए ।

नुहाउँदै
पढ्दै

च) ऊ गाईदेखि ..... थियो ।

डराउँदै
लेख्दै

छ) म किताब ..... थिएँ ।

पढ्दै
काट्दै

अभ्यास ३ **मिल्ने शब्द छानी पूरा वाक्य कापीमा लेख-**

(क) तिमीले पढेको राम्रो छ । तिमी ..... पढ ।

फेरि
अनि

(ख) म जान्छु ..... तिमी आऊ ।

पनि
अनि

(ग) दाल ..... भात मीठो हुन्छ ।

पनि
र

(घ) दीपा गइन् ..... जया पनि गइन् ।

पनि
अनि

(ङ) तपाईं नाच्नुहुन्छ । म ..... नाच्छु ।

र
पनि

(च) म अघि लडेको थिएँ । म .....लडेँ ।

अनि
फेरि

(छ) राम ..... गीता घर गए ।

र
पनि

अभ्यास ४ उदाहरणमा दिइएजस्तै उल्टो अर्थ दिने शब्द लेख –

उदाहरण :

चिसो = तातो

(क) गर्मी

(ख) फोहोर

(ग) सजिलो

(घ) रात

अभ्यास ५ तलका शब्दहरूबाट वाक्य बनाऊ –

ऋषि	कुटी	हावा	पहाड
बिहे	सूर्य	बादल	



अभ्यास ६ रामले साँचो हराएछ। तल कोठामा दिइएका कुरा पढी साँचो पत्ता लगाऊ -

पाठ ७

शहर



अभ्यास १ चित्र हेर र वर्णन गर -

(क) माथिको चित्रमा के-के देख्छौ ?

(ख) मोटर कति छन् ?

(ग) मानिसहरू के गर्दै छन् ?

(घ) पसलमा के-के बेच्न राखिएका छन् ?

(ङ) मानिसहरू सडकको पेटीबाट किन हिँडेका हुन् ?

(च) शहरमा के-के कुराहरू हुन्छन् ?

अभ्यास २ शहरका घर र गाउँका घरमा के-के फरक पाइन्छ, कुनै तीन ओटा फरक कुरा लेख ।

अभ्यास ३ शहरको पसलमा के-के कुरा किन्न पाइन्छ, कुनै पाँच ओटा कुरा लेख ।

अभ्यास ४ गाउँको बाटो र शहरको बाटोमा के-के फरक पाइन्छ, कुनै तीन ओटा फरक कुरा लेख ।

पाठ ८

गाई

बाछो
दूध
घाँस
पराल
भुस्सा
गोबर



रामको घरमा एउटा गाई छ। त्यो कालो छ। गाईको एउटा बाछो छ । गाईले दूध दिन्छ । दूध सेतो हुन्छ ।

गाई धेरै काम लाग्ने जनावर हो । हामी गाईको दूधबाट दही बनाउँछौँ । हामी दहीबाट मही, नौनी र घिउ बनाउँछौँ ।

गाईले हरियो घाँस मन पराउँछ । गाईलाई हामी पराल र भुस्सा खान दिन्छौँ । गाईले पहिले खाने

कुरा छिटोछिटो निल्छ । त्यसपछि निलेको खाने कुरा उकेल्छ । अनि राम्ररी चपाएर फेरि निल्छ । यसरी दोस्रो पटक चपाउने कामलाई उग्राउनु भनिन्छ ।

गाई चारखुट्टे जनावर हो । गाईका दुई ओटा कान हुन्छन् । गाईका दुई ओटा आँखा हुन्छन् । गाईका दुई ओटा सिङ हुन्छन् ।

गाईले हामीलाई गोबर पनि दिन्छ । हामी गाईका गोबरले घर लिप्छौँ । गाईको गोबरबाट मल बन्छ । गाईबस्तुका मलले बालीनाली सप्रन्छ । तिहारमा मानिसहरू गाईको पूजा गर्छन् । गाई हाम्रो राष्ट्रिय जनावर हो ।

अभ्यास १ छलफल गर र उत्तर भन–

(क) रामको गाईको रङ कस्तो छ ?

(ख) गाईको दूधबाट के-के बन्छ ?

(ग) गाईले खाने कुरा कसरी खान्छ ?

(घ) गाईले के-के खान्छ ?

(ङ) गाई कस्तो जनावर हो ?

(च) गाईको पूजा कहिले गरिन्छ ?



अभ्यास २ तल केही जनावरका बच्चाहरूको नाम दिइएको छ, छलफल गर र मिल्ने शब्द लेख –

बाछो	छाउरो	डमरु
पाठो	चल्लो	पाडो

(क) गाईको बच्चालाई ..... भन्छन् ।

(ख) कुखुराको बच्चालाई ..... भन्छन् ।

(ग) कुकुरको बच्चालाई ..... भन्छन् ।

(घ) बाघको बच्चालाई ..... भन्छन् ।

(ङ) बाखाको बच्चालाई ..... भन्छन् ।

अभ्यास ३ सार र कुन रङ कुन कुरासँग मिल्छ, जोडा मिलाऊ -

सेतो	३	घाँस
रातो	४	पाकेको केरा
हरियो	१	दूध
पहेँलो	६	भैँसी
नीलो	२	रगत
कालो	५	आकाश

अभ्यास ४ तल दिइएका रङ भएका कुन-कुन कुराहरू तिमीले देखेका छौ, नाम लेख -

कालो	रातो	हरियो
पहेँलो	सेतो	नीलो

अभ्यास ५ तलका शब्दहरू प्रयोग गरी वाक्य बनाऊ-

घाँस	घिउ	दूध
पराल	भुस्सा	

अभ्यास ६ खाली ठाउँमा मिल्ने शब्द लेख-

क) कोइलाको रङ ..... हुन्छ ।

ख) सुगा ..... हुन्छ ।

ग) गाईले पराल र ..... पनि खान्छ ।

अभ्यास ७ तलको गाउँखाने कथाको उत्तर भन-

(क) सेती गाई पानी खान गई, पानी खाएर आउँदा रातै भई, के हो ?

(ख) दिनभरि सुत्छ, रातभरि उठ्छ, के हो ?

(ग) नाकमा टेकी कान समाउँछ, के हो ?

(यी गाउँखाने कथाका उत्तर पाना ६४ मा छन् ।)

पाठ ९

छलिएको केटो

बाटो
नाम
वर्ष
उमेर
विद्यालय

विद्यालयमा छुट्टी भएपछि सबै जना घर गए । आज दीपकलाई उनका साथीहरूले बोलाउन बिर्सेछन् । दीपक एक्लै घर जान लाग्यो । उसले आफ्नो घर जाने बाटो बिर्सेछ । दीपकले चिनेका मानिसहरू त्यहाँ थिएनन् । दीपक रुन थाल्यो ।

त्यसै बेला एक जना प्रहरी त्यहाँ आइपुगे । दीपकलाई एक्लै रोइरहेको देखेर प्रहरीलाई माया लाग्यो । प्रहरीले सोधे- "बाबु, तिमी किन रोएको हँ ?"

दीपक - घर जाने बाटो थाहा नपाएर ।

प्रहरी - तिम्रो नाम के हो ?

दीपक - दीपक हो ।

प्रहरी - तिम्रो घर कहाँ हो नि ?

दीपक - मेरो घर भैरव टोलमा छ ।

प्रहरी - तिमी कति वर्षका भयौ ?

बालक- म सात वर्षको भएँ ।

प्रहरी - तिम्रो विद्यालयको नाम के हो ?

दीपक - शान्ति प्राथमिक विद्यालय हो ।

प्रहरी - ल आऊ । तिमीलाई म तिम्रो विद्यालयमा पुऱ्याइदिन्छु । गुरुआमाले तिमीलाई घर पुऱ्याइदिनुहुन्छ ।

दीपक - धन्यवाद ! प्रहरी दाइ ।

अभ्यास १ छलफल गर र उत्तर भन -

(क) दीपक कसरी छलिए ?

(ख) दीपकको घर कहाँ हो ?

(ग) दीपकलाई कसले घर पुऱ्याइदिन्छ ?

(घ) तिम्रो घर कहाँ हो ?

(ङ) तिमी कति वर्षका भयौ ?

(च) तिम्रो विद्यालयको नाम के हो ?

(छ) तिमी छलियौ भने के गर्छौ ?

अभ्यास २ तल दिइएका कुरा पढ, छलफल गर र उत्तर भन –

नाम : दीपक थापा

ठेगाना : भैरव टोल, पोखरा

उमेर : सात वर्ष

केटा कि केटी : केटा

उत्तर भन –

(क) उसको नाम के हो ?

(ख) उसको ठेगाना के हो ?

(ग) उसको उमेर कति हो ?

(घ) ऊ केटा हो कि केटी हो ?

नाम: सङ्गीता गुप्ता

ठेगाना : दुहबी, विराटनगर

उमेर : सात वर्ष

केटा कि केटी : केटी

उत्तर भन –

(क) उनको नाम के हो ?

(ख) उनको ठेगाना के हो ?

(ग) उनको उमेर कति हो ?

(घ) उनी केटा हुन् कि केटी हुन् ?

अभ्यास ३ **कुनचाहिं ठीक छ, छानेर कापीमा लेख-**

(क) बच्चा किन रोएको होला ?

प्रहरीले पिटेको हुनाले
बाटो बिर्सेको हुनाले

(ख) विद्यालयमा पुऱ्याइदिन्छु भनेर कसले भनेको हो ?

बच्चाले
प्रहरीले

अभ्यास ४ **तिम्रा बारेमा कापीमा लेख-**

नाम .....

उमेर .....

घरको ठेगाना .....

विद्यालयको नाम .....

बाको नाम .....

तिमी केटा कि केटी .....

अभ्यास ५ "क न प ा ी" अक्षर र मात्रा मिलाई शब्दहरू बनाऊ–

उदाहरण :

कान

अभ्यास ६ तलको उदाहरण हेर । तालिकाबाट आठ ओटा वाक्यहरू बनाऊ–

उदाहरण :

यो मेरो देश हो ।
यो मेरो विद्यालय हो ।

	मेरो		
	हाम्रो	देश	
यो	तिम्रो		हो
	उसको	विद्यालय	
	उनको		

पाठ १०

सात बार सात दिन

- रामबाबु सुवेदी



आइतबार बिहानै घामसित उठेँ म
हातमुख धोएर पढ्न बसेँ म
सोमबार बिहानै आमासित उठेँ म
कापीकलम लिएर लेख्न बसेँ म ।

मङ्गलबार फूलबारीमा फूल सारेँ मङ्गले
त्यो फूललाई गोडेँ मैले आफ्नो ढङ्गले
बुधबार फूलबारीमा जब आमा जानुभो
मेरो काम देखेर खुसी हुनुभो ।



बिहीबार घरमा मैले गीत गाउँदा
मेरी सानी सानीमाले चक्लेट दिनुभो
शुक्रबार स्कूलमा मैले गीत गाउँदा
खुसी भई गुरुमाले काखमा लिनुभो ।

शनिबार नुहाएँ, हासेँ, खेलेँ, रमाएँ
मीठो खाजा खाएपछि पुस्तक समाएँ
यसरी नै बिते मेरा सात बार सात दिन
भन साथी कस्ता रहे तिम्रा सात दिन ?

अभ्यास १ **छलफल गर र उत्तर भन –**

(क) एक हप्तामा कति दिन हुन्छन् ?

(ख) बारहरू जम्मा कति हुन्छन् ?

(ग) कुन बार बिदा हुन्छ ?

(घ) आइतबार पहिलो दिन हो भने अन्तिम दिन कुन हो ?

(ङ) बालकले कुन-कुन दिन के-के गरे ?

अभ्यास २ **कापीमा बारहरूका नाम लेख ।**

अभ्यास ३ **खाली ठाउँमा मिल्दो बारको नाम लेख –**

(क) आज आइतबार हो भने भोलि ..... हो ।

(ख) विद्यालय ..... बन्द हुन्छ ।

(ग) हिजो शुक्रबार थियो भने आज ..... हो ।

(घ) पर्सि बिहीबार हो । आज ..... हो ।

अभ्यास ४ उदाहरण हेर र मिल्दो शब्द छानी वाक्य पूरा गर –

उदाहरण :

आइतबारको अघिल्लो दिन शनिबार हुन्छ ।
शनिबारको भोलिपल्ट आइतबार हुन्छ ।

अघिल्लो दिन	भोलिपल्ट

(क) मङ्गलबारको ..... बुधबार हुन्छ ।

(ख) सोमबारको ..... आइतबार हुन्छ ।

(ग) बुधबारको ..... बिहीबार हुन्छ ।

(घ) शनिबारको ..... शुक्रबार हुन्छ ।

(ङ) आइतबारको ..... शनिबार हुन्छ ।

अभ्यास ५ उदाहरण हेर र तालिका बनाई अरू बारहरू पनि त्यसै गरी लेख -

उदाहरण :

आज	हिजो	भोलि	पर्सि
आइतबार	शनिबार	सोमबार	मङ्गलबार

अभ्यास ६ मिल्दो शब्द छानेर वाक्य पूरा गर-

(क) आइतबार ..... दिन हो ।

(ख) सोमबार ..... दिन हो ।

(ग) बुधबार ..... दिन हो ।

(घ) शुक्रबार ..... दिन हो ।

(ङ) मङ्गलबार ..... दिन हो ।

(च) बिहीबार ..... दिन हो ।

(छ) शनिबार ..... दिन हो ।

पहिलो
दोस्रो
तेस्रो
चौथो
पाँचौं
छैटौं
सातौं

अभ्यास ७ तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर–

उठेँ	बसेँ	हाँसेँ
गाएँ	रमाएँ	भोलि
पर्सि	अघि	पछि

अभ्यास ८ तलका शब्दहरू हेर । कुन–कुन शब्द शुद्ध छन्, साथीहरूसँग छलफल गरेर लेख –

सुक्रबार	शुक्रबार	श्याउ,	सुन्तला
शुन्तला	स्याउ	शीतल	सीतल



पाठ ११

महिना

असोज

आइत	सोम	मङ्गल	बुध	बिही	शुक्र	शनि
	१	२	३	४	५	६
७	८	९	१०	११	१२	१३
१४	१५	१६	१७	१८	१९	२०
२१	२२	२३	२४	२५	२६	२७
२८	२९	३०	३१			

३ - घटस्थापना

३ - १७ दसैं बिदा
९ - फूलपाती
१२ - टीका

अभ्यास १ छलफल गर र उत्तर भन -

(क) माथिको भित्तेपात्रो कुन महिनाको हो ?

(ख) घटस्थापना कहिले पर्छ ?

(ग) दसैंको टीका कुन दिनमा पर्छ ?

(घ) फूलपाती के बार पर्छ ?

अभ्यास २ **तलका वाक्यहरू पढ –**

एक वर्षमा बाह्र महिना हुन्छन् ।

पहिलो महिना वैशाख हो ।

दोस्रो महिना जेठ हो ।

तेस्रो महिना असार हो ।

चौथो महिना साउन हो ।

पाँचौं महिना भदौ हो ।

छैटौं महिना असोज हो ।

सातौं महिना कात्तिक हो ।

आठौं महिना मङ्सिर हो ।

नवौं महिना पुस हो ।

दशौं महिना माघ हो ।

एघारौं महिना फागुन हो ।

बाह्रौं महिना चैत हो ।

अभ्यास ३ बाह्र महिनाहरूका नाम लेख ।

अभ्यास ४ उदाहरण हेरी खाली ठाउँमा मिल्ने शब्द लेख -

उदाहरण :

१ गते महिनाको पहिलो दिन हो ।
७ गते महिनाको सातौँ दिन हो ।

(क) ९ गते महिनाको ..... दिन हो ।

(ख) ११ गते महिनाको ..... दिन हो ।

(ग) १८ गते महिनाको ..... दिन हो ।

अभ्यास ५ कापीमा पहिलो, दोस्रो गरी बीसौँसम्म लेख -

अभ्यास ६ उदाहरणमा दिइए जस्तै तिम्रो जन्मदिनमा पनि चिन्ह लगाऊ र लेख । तिम्रा दुई जना साथीको जन्मदिनमा पनि चिन्ह लगाऊ र लेख –

उदाहरण :

माघ

आइत	सोम	मङ्गल	बुध	बिही	शुक्र	शनि
		१	२	३	४	५
६	७	८	९	१०	११	१२
१३	१४	१५	१६	१७	१८	१९
२०	२१	२२	२३	२४	२५	२६
२७	२८	२९	३०	३१	३२	

माघेसङ्क्राति

दीपाको घरमा पूजा

सुन्तलीको जन्मदिन

आइत	सोम	मङ्गल	बुध	बिही	शुक्र	शनि
		१	२	३	४	५
६	७	८	९	१०	११	१२
१३	१४	१५	१६	१७	१८	१९
२०	२१	२२	२३	२४	२५	२६
२७	२८	२९	३०	३१	३२	

अभ्यास ७ उदाहरणमा जस्तै महिनालाई अक्षरमा लेख्नुपर्‍यो भने के लेख्नुपर्छ, लेख-

उदाहरण :

२०१० । ५ । ४ = २०१० साल भदौ ४ गते

(क) २०४७ । ३ । ३० =

(ख) २००७ । ११ । ७ =

(ग) २०१७ । ३ । २५ =

अभ्यास ८ उदाहरण हेर र तालिकाबाट दश ओटा वाक्य बनाऊ -

उदाहरण :

तिमीले यो महिनामा पोखरा जानुपर्छ ।
तिमीले यो हप्तामा पोखरा जानुपर्छ ।

तिमीले हामीले उसले	यो अर्को	महिनामा हप्तामा	पोखरा	जानुपर्छ ।

अभ्यास ९ तलका वाक्यहरू पूरा गर -

(क) यो पुस महिना हो । अर्को महिना ..... हो ।

(ख) यो वैशाख महिना हो । अर्को महिना..... हो ।

(ग) अर्को महिना साउन हो । यो महिना ..... हो ।

(घ) अर्को महिना भदौ हो । यो महिना ..... हो ।

अभ्यास १० यी शब्दहरूबाट प्रश्नहरू बनाई साथीलाई सोध -

कति	कुन	के	कहिले

पाना ४६ का गाउँखाने कथाका उत्तरहरू -

(क) सेल पकाएको

(ख) दाम्लो

(ग) चस्मा

पाठ १२

बोल्ने गुफा

गुफा
स्याल
बाघ
बूढो
पन्जा
छाप
बुद्धि



कुनै जङ्गलको नजिकै एउटा पहाड थियो । पहाडमा एउटा गुफा थियो । त्यो गुफामा एउटा स्याल बस्थ्यो । बिहान भएपछि त्यो स्याल खाने कुरा खोज्न जान्थ्यो । त्यो बेलुका गुफामा फर्केर आई सुत्थ्यो ।

त्यो जङ्गलमा एउटा बाघ पनि बस्थ्यो । बाघ बूढो थियो । त्यो बाघ खाने कुरा खोज्न सक्तैनथ्यो । बाघले एक दिन खाने कुरा भेट्टाएन । बाघ त्यसै

हिँडिरहेको थियो । हिँड्दा-हिँड्दै बाघ स्यालको गुफाको बाहिर आइपुग्यो । गुफाको बाहिर बसी बाघले विचार गऱ्यो- "जरुर यो गुफामा कोही आउला अनि म त्यसलाई खाउँला ।"

यति विचार गरेर बाघ गुफाभित्र पस्यो । बेलुका स्याल आफ्नो गुफामा आयो । स्यालले गुफाको बाहिर बाघको पन्जाको छाप देख्यो । स्यालले ती छापहरूलाई खूब ध्यान दिएर हेऱ्यो । त्यसले बाघ गुफाभित्र पसेको थाहा पायो । स्यालले बाघ

बाहिर निस्केको छाप देखेन । स्यालले विचार गऱ्यो- "पक्का पनि यस गुफाभित्र बाघ छ होला । मैले बुद्धिले काम लिनुपर्छ, नत्र बाघले मलाई खान्छ ।" साँच्चीकै बाघ गुफाभित्र छ कि छैन ? स्याललाई यस कुराको जाँच गर्न मन लाग्यो ।

"ए, गुफा ! म आऊँ ? ए, गुफा ! म आऊँ ?" स्यालले जोडले गुफालाई बोलायो । धेरैपल्ट यसै गरी बोलायो - "ए, गुफा ! म आऊँ ? ए, गुफा ! म आऊँ ?"

गुफाभित्र बसेको बाघले विचार गऱ्यो- "गुफा सधैं स्यालसँग बोल्थ्यो होला । आज मेरा डरले नबोलेको होला ।" यति विचार गरेर बाघले गुफा बोलेको जस्तै पारेर बोल्यो -"आऊ स्याल आऊ ।"

स्यालले गुफाभित्र बाघ रहेको कुरो बुझ्यो । त्यसैले त्यहाँ बस्नु ठीक छैन भन्ने ठानेर स्यालले सुइँकुच्चा ठोक्यो ।

अभ्यास १ **छलफल गर र उत्तर भन –**

(क) स्याल कहाँ बस्थ्यो ?

(ख) बाघ गुफाभित्र किन पस्यो ?

(ग) बाघ गुफाभित्रै छ होला भनेर स्यालले किन विचार गऱ्यो ?

(घ) बाघले किन "आऊ स्याल आऊ" भनेको होला ?

(ङ) बोल्ने गुफाको कथा भन ।

अभ्यास २ **तलको कुरा कसले कसलाई भनेको हो ?**

(क) "ए, गुफा ! म आऊँ ?"

(ख) "आऊ स्याल आऊ ।"

अभ्यास ३ **तलको कुरा कसले विचार गरेको हो ?**

(क) "गुफा सधैँ बोल्थ्यो होला । आज मेरा डरले नबोलेको होला ।"

(ख) "पक्का पनि यो गुफाभित्र बाघ छ होला ।"

(ग) "जरुर यो गुफामा कोही आउला अनि म त्यसलाई खाउँला ।"

अभ्यास ४ तलका शब्दहरूलाई प्रयोग गरी उदाहरणमा दिइएका जस्तै वाक्य बनाऊ –

रोप्नु	गर्नु	सुन्नु	लेख्नु

उदाहरण :

खानु	जानु
म खाउँला ।	म जाउँला ।
तिमी खाउला ।	तिमी जाउला ।
ऊ खाला ।	ऊ जाला ।
तपाईं खानुहोला ।	तपाईं जानुहोला ।
तँ खालास् ।	तँ जालास् ।
पढ्नु	**नाच्नु**
म पढौँला	म नाचौँला
तिमी पढौला ।	तिमी नाचौला ।
ऊ पढ्ला ।	ऊ नाच्ला ।
तपाईं पढ्नुहोला ।	तपाईं नाच्नुहोला ।
तँ पढ्लास् ।	तँ नाच्लास् ।

अभ्यास ५ मिल्ने शब्द छानी पूरा वाक्य कापीमा लेख -

(क) स्याल बेलुका ..... आयो । | फर्केर / फर्केको

(ख) ऊ बाहिर ..... करायो । | बसेको / बसेर

(ग) तपाईंले ध्यान ..... सुन्नुभयो । | दिएर / दिनुहुन्छ

(घ) किसानहरू काम ..... फर्के । | गरेको / गरेर

अभ्यास ६ उदाहरणमा दिइए जस्तै गरी शब्द बनाऊ -

उदाहरण :

फर्कनु	= फर्केर
बस्नु	= बसेर

(क) रोप्नु

(ख) खानु

(ग) सुत्नु

(घ) पढ्नु

(ङ) जानु

अभ्यास ७ तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर -

यो	त्यो	यहाँ	त्यहाँ

पाठ १३

के कहाँ बस्छ ?

- दैवज्ञराज न्यौपाने

मौरी बस्ने ठाउँ के हो ?
हात्ती बस्छ कहाँ ?
घोडा बस्ने ठाउँ के हो ?
गाई बस्छ कहाँ ?
बाखा बस्छन् कुन ठाउँमा ?
भेडा बस्छन् कहाँ ?
सिंह राजा कहाँ बस्छन् ?
माछा बस्छन् कहाँ ?

मौरी बस्ने **घार** हो रे
हात्ती **हात्तीसार** ।
घोडा बस्ने **तबेला** त
गोठ गाईको घर ॥
भेडा बस्ने **भेडीचोक**
बाखा बस्ने **खोर** ।
गुफाभित्र सिंह बस्छ
माछा बस्ने **कुर** ॥

अभ्यास १ छलफल गर र उत्तर भन -

(क) माथिको कवितामा कुन-कुन जनावरका नाम छन् ?

(ख) कविता केका बारेमा लेखिएको हो ?

(ग) मौरीहरू कहाँ बस्छन् ?



(घ) हात्तीहरू कहाँ बस्छन् ?

(ङ) घोडाहरू कहाँ बस्छन् ?

(च) गाईहरू कहाँ बस्छन् ?

(छ) बाखाहरू कहाँ बस्छन् ?

(ज) भेडाहरू कहाँ बस्छन् ?

(झ) सिंहहरू कहाँ बस्छन् ?

(ञ) माछाहरू कहाँ बस्छन् ?

(ट) अरू कुन-कुन जनावरहरू कहाँ-कहाँ बस्छन् ?

अभ्यास २ उच्चारण गर र कापीमा सार -

मौरी	हात्ती	घोडा
बाखा	भेडा	सिंह
घार	हात्तीसार	तबेला
गोठ	भेडीचोक	खोर
गुफा	कुर	

अभ्यास ३ खाली ठाउँमा मिल्ने शब्द लेख -

(क) मौरीहरू ..... मा बस्छन् ।

(ख) हात्तीहरू ..... मा बस्छन् ।

(ग) भेडाहरू ..... मा बस्छन् ।

(घ) खसीबोकाहरू ..... मा बस्छन् ।

(ङ) बाघहरू ..... मा बस्छन् ।

(च) मानिसहरू ..... मा बस्छन् ।

अभ्यास ४ तलका शब्दहरूको उच्चारण गर, अनि कुनचाहिँ ठीक छ, कापीमा लेख-

(क)

हात्ती
हाटी
हाथी

(ख)

मौली
मौरी
मौडी

(ग)

घोरा
घोह्रा
घोडा

(घ)

भेडा
भेदा
भेरा

(ङ)

सिंघ
सिंह
सिँह

(च)

टबेला
तबेला
तबेरा

अभ्यास ५ तलको उदाहरण हेरेर कापीमा त्यसै गरी लेख –

उदाहरण :

घोडो	=	घोडा, घोडाहरू
बाख्रो	=	बाख्रा, बाख्राहरू

(क) भेडो

(ख) माछो



(ग) भ्यागुतो

(घ) छोरो

(ङ) बच्चो

(च) केटो

अभ्यास ६ तलका शब्दहरू कापीमा सारेर धर्का तानी जोडा मिलाऊ -

मौरी	सिंह
कुर	तबेला
हात्ती	गोठ
गुफा	घार
भेडा	माछा
खोर	हात्तीसार
गाई	बाखा
घोडा	भेडीचोक



अभ्यास ७ मिल्दो शब्द छानी वाक्य पूरा गर -

(क) घोडाहरू तबेलामा .....

(ख) माछो कुरमा .....

(ग) भेडो भेडीचोकमा .....

(घ) केटाहरू घरमा .....

(ङ) छोरो घरमा .....

(च) भ्यागुताहरू पोखरीमा .....

(छ) माछाहरू कुरमा .....

(ज) भेडाहरू भेडीगोठमा .....

बस्छ ।
बस्छन् ।

अभ्यास ८ ठीक भएका वाक्यहरू मात्र कापीमा सार -

(क) बाखो खोरमा बस्छ ।

(ख) मौरी बस्ने ठाउँ घार हो ।

(ग) हात्ती भेडीचोकमा बस्छ ।

(घ) घोडाहरू गुफामा बस्छन् ।

(ङ) माछाहरू बस्ने ठाउँलाई कुर भन्छन् ।

(च) गोठ गाईभैंसी बस्ने ठाउँ हो ।

अभ्यास ९ तलको उदाहरण हेरेर प्रश्न बनाऊ र साथीहरूलाई सोध -

उदाहरण :

प्रश्न	-	मौरी कहाँ बस्छ ?
उत्तर	-	मौरी घारमा बस्छ ।
प्रश्न	-	घारमा के बस्छ ?
उत्तर	-	घारमा मौरी बस्छ ।

(क) उत्तर - भेडो भेडीचोकमा बस्छ ।

(ख) उत्तर - भेडीचोकमा भेडो बस्छ ।

(ग) उत्तर - घोडाहरू तबेलामा बस्छन् ।

(घ) उत्तर - तबेलामा घोडाहरू बस्छन् ।

(ङ) उत्तर - माछाहरू कुरमा बस्छन् ।

(च) उत्तर - कुरमा माछाहरू बस्छन् ।

(छ) उत्तर - हात्ती हात्तीसारमा बस्छ ।

(ज) उत्तर - हात्तीसारमा हात्ती बस्छ ।

पाठ १४

मामा र माइजू



मुना र राम घरमा बसिरहेका थिए । उनीहरूका बा र आमा घरमा थिएनन् । उनीहरूका दाजु र भाउजू पनि घरमा थिएनन् । बा, आमा र भाउजू खेतमा गएका थिए । उनीहरूका दाजु शहर गएका थिए । मुना र राम कुरा गर्दै थिए । घरमा उनीहरूका मामा आउने कुरा थियो । उनीहरूकी माइजू पनि आउने कुरा थियो ।

मुना - दाजु, आज मामा र माइजू आउने भनेको होइन ?

राम - हो, आउने समय त भइसक्यो ।

मुना - त्यसो भए आउँदै हुनुहुन्छ होला नि ।

राम - आउँदै हुनुहुन्छ होला । हिँड परसम्म हेर्न जाऔँ ।
भेट भयो भने सँगै आऔँला ।

मुना - हुन्छ, जाऔँ ।

राम - ऊ हेर, मामामाइजू आउनुभयो ।

राम र मुना दुवै - नमस्कार ! मामा !

नमस्कार ! माइजू !

मामा र माइजू दुवै - नमस्कार ! नमस्कार !

मामा- खोइ त, घरमा कोही पनि छैनन् ?

मुना - बाआमा खेतमा जानुभएको छ ।

माइजू - दाजुभाउजू नि ?

राम - दाजु शहर अनि भाउजू खेतमा जानुभएको छ ।

माइजू - ल, भेट होला भनेको त भेटै पो भएन ।

मुना - खाना खान आइहाल्नुहुन्छ नि, बस्नुहोस् न ।

मामामाइजू दुवै बसे । केही बेरपछि बाआमा र भाउजू पनि आइपुगे । दाजु पनि शहरबाट फर्किए । सबै जना कुराकानी गर्न थाले ।

अभ्यास १ **छलफल गर र उत्तर भन –**

(क) मुना र राम के कुरा गर्दै थिए ?

(ख) मुना र रामका बाआमा कहाँ गएका थिए ?

(ग) उनीहरूका दाजुभाउजू कहाँ गएका थिए ?

(घ) उनीहरूका घरमा को-को आए ?

अभ्यास २ **तलका कुरा कसले कसलाई भनेको हो ?**

(क) "हो, आउने समय त भइसक्यो ।"

(ख) "ल, भेट होला भनेको त भेटै पो भएन ।"

(ग) "खाना खान आइहाल्नुहुन्छ नि ।"

अभ्यास ३ तलका चित्र हेर र शब्द पढ –

बा

आमा

केटो

केटी

गोरु

गाई

अभ्यास ४ भाले बुझाउने र पोथी बुझाउने शब्दको जोडा मिलाऊ –

मामा	मुसी
दाजु	आमा
मुसो	माइजू
बा	गाई
गोरु	भाउजू

अभ्यास ५ **मिल्ने शब्द छानी पूरा वाक्य कापीमा लेख-**

(क) आउने समय ..... भयो ।

त
ल

(ख) तिमी पनि जान्छौ होला ..... ।

पो
नि

(ग) उनीसँग भेटै ..... भएन ।

पो
ल

(घ) ..... हिँड अब जाऊँ ।

त
ल

अभ्यास ६ **तलका शब्दहरूबाट वाक्य बनाऊ-**

मामा	माइजू	दाजु	भाउजू

त	नि	ल	पो

अभ्यास ७ तलका शब्दहरूको उच्चारण गर र लेख-

भइसक्यो	हुनुहुन्छ	आइहाल्नुहुन्छ	हुनुहुन्छ

अभ्यास ८ तलको उदाहरण हेरेर मिल्ने शब्द छानी वाक्य पूरा गर -

उदाहरण :

म पोखरादेखि घरसम्म आएँ ।
हामीले देशका लागि काम गर्नुपर्छ ।
यो रामको घर हो ।
यी किताब सीताका हुन् ।
रामकी माइजू आइन् ।

(क) राम.....भाइ आयो ।

(ख) म काठमाडौं ..... आएँ ।

(ग) उषा ..... बहिनी आइन् ।

(घ) हरि ..... दाजु उता छन् ।

की को
देखि लागि
को की
की का

पाठ १५

बिदाको दिन

जुरुक्क
खलखल
सिरसिर
फटाफट
भुसुक्क

आज शनिबार हो । आज बिदा छ । विद्यालय जान नपर्ने भएकाले दीपा ओछ्यानमा सुतिरहिन् ।

उनको भाइ आफ्नो ओछ्यानबाट जुरुक्क उठेर आयो । उसले दीपालाई बोलायो - "ए, दिदी । उठ ।

घाम लागिसक्यो । पूजा गर्न जाने बेला भयो ।" दीपा पनि जुरुक्क उठिन् । दुवै दिदीभाइ धारामा गए अनि नुहाए । त्यसपछि उनीहरू पूजा गर्न गए । पूजा गर्न नजिकैको मन्दिरमा गए । पूजा गरेपछि उनीहरू घर फर्के ।



दीपाका बा खेतमा काम गर्नुहुन्छ । उहाँ आज खेतमा गइसक्नुभयो । काम गर्दा दीपाका बालाई खलखल पसिना आउँछ । पसिना आएपछि उहाँ

एकैछिन थकाइ मार्न बस्नुहुन्छ । सिरसिर हावा चलेपछि उहाँलाई शीतल हुन्छ ।

दिउँसो दीपाकी आमा पनि खेतमा जानुहुन्छ । उहाँ दीपाका बालाई खाजा पुऱ्याउन खेतमा जानुहुन्छ। बिदाको दिन भएकाले दिदीभाइ पनि आज खेतमा गए । उनीहरूले बाआमासँगै खाजा खाए। खेतमा काम सकिएपछि सबै जना घर फर्किए। उनीहरू फटाफट हिँडेर घर फर्किए। उनीहरू बेलुका भात खाएर सुते अनि भुसुक्क निदाए ।

अभ्यास १ **तलका शब्दको अर्थ बुझ –**

बार = दिन

ओछ्यान = बिछ्यौना

पसिना = गर्मी भएपछि जीउका छालाबाट आउने पानी

शीतल = गर्मी नहुनु

बिहान = उज्यालो सुरु हुने बेला

बेलुका = घाम अस्ताउने बेला, साँझ

अभ्यास २ **छलफल गर र उत्तर भन –**

(क) आज दीपालाई किन विद्यालय जान नपरेको हो

(ख) पूजा गर्न के-के सामान चाहिन्छ ?

(ग) दीपाका बा के काम गर्नुहुन्छ ?

(घ) दीपाका बालाई कसरी शीतल हुन्छ ?

(ङ) किन दीपाकी आमा खेतमा गएकी हुन् ?

(च) "उनको भाइ उठेर आयो" मा **उनको** भनेर कसलाई भनिएको हो ?

(छ) "उहाँलाई शीतल हुन्छ" मा **उहाँ** भनेर कसलाई भनिएको हो ?

अभ्यास ३ **तलको भनाइसँग कोठाको कुन कुरा मिल्छ, भन–**

क) सिरसिर हावा चलेपछि शीतल हुन्छ ।

बेसरी हावा लागेपछि शीतल हुन्छ ।
बिस्तारै हावा लागेपछि शीतल हुन्छ ।

ख) उनीहरू फटाफट घर फर्कन्छन् ।

उनीहरू छिटो-छिटो घर फर्कन्छन् ।
उनीहरू बिस्तारै घर फर्कन्छन् ।

अभ्यास ४ **मिल्ने शब्द छानी वाक्य पूरा गर –**

मन्दिर	बिहान	पसिना	शीतल	ओछ्यान

(क) दीपा ..... मा सुत्छिन् ।

(ख) सधैं ..... घाम लाग्छ ।

(ग) हामी पूजा गर्न ..... मा जान्छौं ।

(घ) काम गर्दा ..... आउँछ ।

(ङ) रूखको मुनि बस्यो भने ..... हुन्छ ।

अभ्यास ५ उदाहरण हेरेर खाली ठाउँमा मिल्ने शब्द कापीमा लेख -

उदाहरण :

दिदी र भाइ= दिदीभाइ
बा र आमा = बाआमा

(क) हात र मुख = ...

(ख) राजा र रानी= .....

(ग) घाम र पानी= .....

(घ) दाल र भात = ...

(ङ) केटा र केटी = ...

(च) छोरा र छोरी= .....

अभ्यास ६ तिमीले बिदाको दिनमा बिहान, दिउँसो र बेलुका के-के गऱ्यौ, लेख -

अभ्यास ७ उदाहरण हेर र खाली ठाउँमा मिल्दो शब्द कापीमा लेख –

उदाहरण :

उनी आइन् ।
उनीहरू आए ।

(क) ..... आउनुहुन्छ ।

(ख) ..... मेरो भाइ हो ।

(ग) ..... को छ ?

(घ) ..... आए ।

(ङ) ..... आइन् ।

ऊ
उनी
उनीहरू
त्यहाँ
उहाँ

अभ्यास ८ उदाहरण हेरेर तालिकाबाट सात ओटा वाक्य बनाऊ –

उदाहरण :

हाम्रा बा खेतसम्म जानुभयो ।

हाम्रा बा खेतनेर जानुभयो ।

हाम्रा	बा मामा काका	खेत	सम्म नेर पट्टि	जानुभयो।

अभ्यास ९ मिल्ने शब्द छानी खाली ठाउँमा लेख -

(क) उहाँ आज खेतमा ..... । | गइसक्यो / गइसक्नुभयो

(ख) उसले भात ..... । | खाइसक्यो / खाइसक्छु

(ग) मैले किताब ..... । | पढिसक्यो / पढिसकें

(घ) उनीहरूले केरा ..... । | खाइसक्छ / खाइसके

(ङ) उनले बिरुवा ..... । | रोपिसक्यो / रोपिसकिन्

अभ्यास १० तलका शब्दहरू कापीमा सारेर धर्का तानी जोडा मिलाऊ -

जुरुक्क	हावा लाग्नु
फटाफट	उठ्नु
सिरसिर	हिँड्नु
भुसुक्क	पसिना आउनु
खलखल	हाँस्नु
मुसुक्क	निदाउनु

अभ्यास ११ **ठीक भएका वाक्यहरू मात्र कापीमा सार -**

क) म भुसुक्क खान्छु ।

ख) उहाँ सपासप खानुहुन्छ ।

ग) उनी सिरसिर हिँड्छिन् ।

घ) उनीहरूलाई खलखल पसिना आउँछ ।

ङ) हामी जुरुक्क उठ्यौं ।

अभ्यास १२ **मिल्ने शब्द छानी खाली ठाउँमा लेख -**

उदाहरण :

हावा चलेपछि शीतल हुन्छ ।

(क) पानी ..... हिलो हुन्छ ।

(ख) बिरुवा ..... ठूलो रूख हुन्छ ।

(ग) भात ..... पेट भरिन्छ ।

(घ) ..... रुमालले पुछ्नुपर्छ ।

(ङ) घाम ..... म जाउँला ।

रोपेपछि
परेपछि
लागेपछि
खाएपछि
नुहाएपछि

अभ्यास १३ यी शब्दहरूबाट प्रश्नहरू बनाई साथीलाई सोध –

के	किन	कसरी	को	कसलाई

अभ्यास १४ तल दिइएका शब्दहरूलाई समूहमा मिलाई लेख –

कालो	राम	कोदाली	गाई
झोला	बाघ	सोनाम	नीलो
घोडा	कुटो	हरियो	मोहन
सीता	पहेँलो	लोखर्के	कलम

रङ	जनावर	सामान	मानिस

पाठ १६

मकै र भटमास



वैशाख महिना थियो । पुरनले बारीमा मकै र भटमास छरेको थियो । पुरनको बारीमा एक ठाउँ अलि चिसो थियो । चिसो ठाउँमा परेको एउटा मकैको गेडो चाँडै नै उम्रियो । त्यसरी नै एउटा भटमासको गेडो पनि उम्रियो । ती दुवै अरूभन्दा केही ठूला भए ।

पहिले उम्रेको मकैको बोटले आफ्नो साथीहरूलाई हेऱ्यो । अरू मकैहरू भर्खर-भर्खर टुसाउन लागेका थिए । आफू चाँडै ठूलो भएकोले त्यसलाई खुसी लाग्यो । खुसीले त्यो मात्तियो । अरू बिरुवालाई त्यसले हेप्न थाल्यो । त्यो खुसीले करायो - "अहो ! म त कति चाँडै ठूलो भएँ ! कति राम्रो छु म ! सबैभन्दा अग्लो छु ! हा...हा... !"

मकैका बिरुवाको त्यो कुरो भटमासका बिरुवाले पछाडिबाट सुनिरहेको थियो । मकैका बिरुवाले आफूमात्र राम्रो भनेको भटमासका बिरुवालाई मन परेन । त्यसैले त्यो पनि करायो - "ए, यो त आफैँ राम्रो छु भन्छ । तँ के राम्रो ? राम्री त म पो छु !"

यो सुनेर मकै झसङ्ग भयो । उसले यसो पछाडि फर्केर हेऱ्यो । आफ्ना पछाडि उसले भटमासको बिरुवा देख्यो । भटमासको बिरुवा पनि त्यो जत्रै अग्लो थियो । त्यो देखेर मकैंका बिरुवालाई साह्रै रिस उठ्यो । उसले भटमासका बिरुवालाई गाली गर्दै भन्यो- "तँजस्ती काली पनि कहीं राम्री हुन्छन् ? कहाँकी डल्ली ! थप्पड दिउँला नि अहिले । उचालेर पछारिदिउँला नि तँ डल्लीलाई ।"

मकैका बिरुवाले आफूलाई गाली गरेको भटमासका बिरुवाले सुन्यो । त्यो पनि रिसले आगो भयो । त्यसले चर्को स्वरले भन्यो-"ल छो त मलाई ! अर्कालाई त्यसै गाली गर्न पाइन्छ ? तँ आफू खूब राम्रो छु भन्छस् ? एक झापट दिन्छु अनि थाहा पाउलास् !"

मकैले पनि झन् ठूलो स्वरले भन्यो - "तँ डल्ली त होस् नि । डल्लीलाई डल्ली भनेँ ल ।"

भटमासका बिरुवाले पनि नडराई भन्यो- "तँ पनि त चेप्टे होस् नि । चेप्टेलाई चेप्टे भनेँ ल । आफू मात्रै कस्तो छु भन्ठानेको छस् ?"

मकै चिच्यायो - "तँ त काली,
हाँडीजस्ती ।"

भटमास पनि चिच्यायो -"तँ पहेँलपित्ते,
ओइलाएको
सागजस्तो ।"

मकै झन् चिच्यायो -"तँ हाँडीमा
भुट्नुपर्ने
जातकी ।"

भटमास पनि ठूलो
स्वरले करायो -"तँ पनि हाँडीमा
भुट्नुपर्ने जातको ।"

मकैका बिरुवाले गिज्याउँदै
भन्यो - "तँलाई मान्छेले धेरै खाए
भने पेट दुख्छ । तँ बैगुनी होस् ।"



मकैका बिरुवाले यसो भन्दा भटमासका बिरुवालाई धेरै रिस उठ्यो। उसले चिच्याउँदै भन्यो - "भुट्दा फूल उठेन भने तँलाई ठेट्ना भन्छन् । तँ ठेट्ना होस् ।"

यी दुईका बाझाबाझ अरू बिरुवाले पनि सुने । मकैका बिरुवाले भटमासका बिरुवालाई गाली गर्दा मकैका बिरुवा खुसी हुन्थे । तिनीहरू थपडी मार्थे । भटमासका बिरुवाले मकैका बिरुवालाई गाली गर्दा भटमासका बिरुवा खुसी हुन्थे । तिनीहरू थपडी मार्थे ।

मकै र भटमास भनाभन गर्दै थिए । एउटा लोखर्केले तिनीहरूको हल्ला सुन्यो । लोखर्के उफ्रँदै त्यहीँ आयो ।



लोखर्केले भन्यो - "तिमीहरू धेरै बेरदेखि हल्ला गर्दै थियौ । मैले तिमीहरूका सबै कुरा सुनें ।"

मकैले लोखर्केलाई भन्यो - "लौ भन त लोखर्के, हामी दुईमा को ठूलो ?"

लोखर्केले ती दुवैलाई सम्झाउँदै भन्यो - "हेर, तिमीहरू दुवै ठूला छौ । मानिसहरू तिमी दुवैलाई उत्तिकै मन पराउँछन् । भटमासले मान्छेको शरीरको वृद्धि गर्छ । मकैले मान्छेलाई शक्ति दिन्छ । त्यसैले, तिमी दुवै ठूला छौ । बाझाबाझ नगर ।"

लोखर्केको यस्तो कुरा सुनेपछि मकै र भटमास दुवै मिलेर बसे ।

अभ्यास १ **तलका शब्दको अर्थ बुझ -**

बारी = मकै, भटमास आदि रोप्ने जग्गा

भर्खर = केही बेर मात्र पहिले

थपडी = ताली

बैगुनी = खराब

ठेट्ना = फूल नउठेका भुटेका मकै

हाँडी = मकै, भटमास आदि भुट्ने माटाको भाँडो

वृद्धि = बढाउने काम

अभ्यास २ **छलफल गर र उत्तर भन -**

(क) एउटा-एउटा मकै र भटमासका बिरुवा किन चाँडै उम्रे ?

(ख) मकैको बिरुवा किन खुसी भयो ?

(ग) मकैको बिरुवा किन झसङ्ग भयो ?

(घ) मकैबाट के-के बन्छ ?

(ङ) भटमासबाट के-के बन्छ ?

अभ्यास ३ **कसले कसलाई भनेको हो –**

क) "अहो ! म त कति चाँडै ठूलो भएँ !"

ख) "तँ डल्ली त होस् नि ।"

अभ्यास ४ **खाली ठाउँमा मिल्ने शब्द छानेर लेख –**

थपडी	हाँडी	बारी	बिरुवा	ठेट्ना

(क) उसले ..... मा मकै छरेको थियो ।

(ख) भर्खर उम्रन लागेका ..... साना हुन्छन् ।

(ग) सबैले खुसी भएर ..... मारे ।

(घ) म ..... मकै खान्न ।

(ङ) कालोपाटी ..... जस्तो कालो छ ।

अभ्यास ५ उदाहरण हेर र त्यसै गरी लेख-

उदाहरण :

डल्ली = डल्लो

काली	गोरी	बाठी	बाटुली
मोटी	पातली	ठूली	सानी

अभ्यास ६ तलको उदाहरण हेर । तालिकाबाट दश ओटा वाक्य बनाऊ -

उदाहरण :

किसन अरूभन्दा राम्रो छ ।
किसन सबैभन्दा राम्रो छ ।

किसन दीपक	अरूभन्दा सबैभन्दा	राम्रो बाठो अग्लो	छ ।

अभ्यास ७ उदाहरण हेरेर खाली ठाउँमा मिल्दो शब्द लेख -

उदाहरण :

म आफँ खान्छु ।
ऊ आफँ खान्छ ।
तिमी आफँ खान्छौ ।

(क) कृष्ण ..... खान्छ ।

(ख) दीपा ..... जान्छिन् ।

(ग) पुरन ..... रोप्छ ।

(घ) ज्ञानी ..... छर्छिन् ।

(ङ) तपाईं ..... लेख्नुहुन्छ ।

अभ्यास ८ आफ्नो र आफ्ना पाँच जना साथीहरूको नाम लेख ।



अभ्यास ९ तलका शब्दहरूको उच्चारण गर । ती शब्दहरूमा के-के फरक छन्, छलफल गर-

(क) मोटी र मोती

(ख) साठी र साथी

(ग) हाट र हात

(घ) काम र खाम

अभ्यास १० तलका वाक्यहरूमा मिल्दो चिन्ह छानेर लगाऊ -

(क) तिम्रो नाम के हो .....

(ख) म घर जान्छु .....

(ग) तिमी मकै ..... भटमास र मूला खाऊ ।

(घ) तिमीले कलम समात्यौ .....

(ङ) मेरो किताब कहाँ छ .....

(च) आज ..... भोलि र पर्सि बिदा छ ।

?
।
,

पाठ १७ आजको रेडियो कार्यक्रम

रेडियो
कार्यक्रम
गोरखापत्र
चुट्किला
समाचार

अष्टमानकी दिदी धनलक्ष्मी आजको गोरखापत्र हेर्दै छिन् । आज शनिबार हो । उनलाई शनिबारको गोरखापत्र खूब मन पर्छ । त्यहाँ कथा, कविता, चुट्किला आदि हुन्छन् ।

गोरखापत्रमा विभिन्न समाचार छापिएका हुन्छन् । त्यसमा रेडियो र टेलिभिजनका कार्यक्रम पनि दिइएको हुन्छ ।

अहिले धनलक्ष्मी समाचार पढ्दै छिन् । यत्तिकैमा अष्टमान आउँछ ।

ए, दिदी ! आज रेडियो नेपालको कार्यक्रम के-के छ ?
म अहिले समाचार पढ्दै छु । मैले रेडियो नेपालको कार्यक्रम हेरेकी छैन ।
ल, लेऊ । यो पानामा रेडियो नेपालको कार्यक्रम दिइएको छ । तिमी आफैँ हेर ।
गोरखापत्र

आजको रेडियो कार्यक्रम

७ बजे	समाचार
७.३०	पुराना गीत
८ बजे	अङ्ग्रेजीमा समाचार
९ बजे	समाचार
९ १५	नेवारीमा समाचार
९ २०	हिन्दीमा समाचार
१० बजे	अङ्ग्रेजी गीत
११ बजे	समाचार
१ १०	महिला कार्यक्रम
१ ३०	युवा संसार
३ १५	अनुरोध सङ्गीत
५ बजे	समाचार
६ बजे	मैथिलीमा समाचार
७ बजे	समाचार
७.२०	घटना र विचार
८ बजे	अङ्ग्रेजीमा समाचार
९ बजे	समाचार
१०.५५	समाचार
११ बजे	बी.बी.सी. सेवा

अभ्यास १ **तलका शब्दको अर्थ बुझ –**

कार्यक्रम - कामको क्रम

चुट्किला - रमाइलो कुरो

समाचार - खबर

अनुरोध सङ्गीत - आफूले सुन्न भनिएको गीत

अभ्यास २ **छलफल गर र उत्तर भन –**

(क) धनलक्ष्मीलाई शनिबारको गोरखापत्र किन मन पर्छ ?

(ख) गोरखापत्रमा के-के कुरा पढ्न पाइन्छ ?

(ग) अष्टमानले रेडियोको कार्यक्रम किन हेर्न चाहेको हो ?

अभ्यास ३ **तलको कुरा कसले कसलाई भनेको हो ?**

(क) "म अहिले समाचार पढ्दै छु ।"

(ख) आज रेडियो नेपालको कार्यक्रम के-के छ ?

अभ्यास ४ तलको कार्यक्रम पढी सोधिएका प्रश्नका उत्तर लेख -

आजको रेडियो कार्यक्रम	
७ बजे	समाचार
७.३०	पुराना गीत
८ बजे	अङ्ग्रेजीमा समाचार
९ बजे	समाचार
९ १५	नेवारीमा समाचार
९ २०	हिन्दीमा समाचार
१० बजे	अङ्ग्रेजी गीत
११ बजे	समाचार
१ १०	महिला कार्यक्रम
१ ३०	युवा संसार
३ १५	अनुरोध सङ्गीत
५ बजे	समाचार
६ बजे	मैथिलीमा समाचार
७ बजे	समाचार
७.२०	घटना र विचार
८ बजे	अङग्रेजीमा समाचार
९ बजे	समाचार
१०.५५	समाचार
११ बजे	बी.बी.सी. सेवा



(क) अङ्ग्रेजीमा समाचार बिहान र बेलुका कति बजे आउँछ ?

(ख) नेवारीमा समाचार कति बजे आउँछ ?

(ग) बिहान १० बजे कुन कार्यक्रम आउँछ ?

(घ) दिउँसो साढे १ बजे कुन कार्यक्रम आउँछ ?

(ङ) हिन्दी र मैथिलीमा समाचार कति-कति बजे आउँछ ?

अभ्यास ५ तलको समय तालिका पढी प्रश्नको उत्तर देऊ –

	बिहानको खाना खाने	खाजा खाने	बेलुकाको खाना खाने	सुत्ने
गीता	८ बजे	१ बजे	७.३० बजे	९.३० बजे
आदर्श	९ बजे	१.३० बजे	७.३० बजे	९ बजे
दोर्जे	९ बजे	२ बजे	८ बजे	१० बजे
रेणु	८.३० बजे	१ बजे	८.३० बजे	१० बजे

(क) गीताको खाजा खाने समय कुन हो ?

(ख) आदर्शको सुत्ने समय कुन हो ?

(ग) दोर्जे र रेणुले कुन-कुन समयमा बिहानको खाना खान्छन् ?

(घ) गीता र दोर्जेको खाजा खाने समयमा कति फरक छ ?

(ङ) आदर्शको खाजा खाने समय कुन हो ?

(च) दोर्जे कति बजे सुत्छ ?

(छ) गीता र आदर्शको बिहानको खाना खाने समयमा कति फरक छ ?

अभ्यास ६ तलका शब्दको उच्चारण गर र कापीमा सार –

अष्टमान	पुष्टकारी	कोष्ठ	स्पष्ट
धनलक्ष्मी	लक्ष्मण	लक्ष्य	अक्षर

अभ्यास ७ छेउका शब्दहरू हेरेर मिल्ने अक्षरहरू खाली कोठामा लेख –



समाचार
गोरखापत्र
पसल
मानिस
कलम
गोठालो

पाठ १८

हाम्रो देश नेपाल

उत्तर
दक्षिण
डाँफे
सगरमाथा
शिखर
लालीगुराँस
झर्ना

उत्तरमा हिमाल छ सधैं हिउँ पर्छ
हिउँ पग्ली, पानी भई, नदी बनी बग्छ
डाँफे बनी मलाई पनि उड्न मन लाग्छ
सगरमाथा शिखरमा चढ्न मन लाग्छ ।

दक्षिणमा तराई छ समथर ठाउँ
धान-गहुँ धेरै फल्ने कस्तो राम्रो गाउँ
बगैंचामा फल्छन् धेरै आँप कटहर
त्यो ठाउँमा जान मलाई लाग्यो नि रहर ।

हिमाल र तराईका बीचतिर पर्ने
डाँडा-पाखा हरियाली झर्ना पनि झर्ने
लालीगुराँस फुलेपछि ढकमक्क हुने
पहाडमा बस्नलाई मनै रमाउने ।

अभ्यास १ **तलका शब्दहरूको अर्थ बुझ –**

उत्तर = घाम उदाउने ठाउँतिर फर्कंदा हाम्रो बायाँ हाततिरको दिशा ।

दक्षिण = घाम उदाउने ठाउँतिर फर्कंदा हाम्रो दायाँ हाततिरको दिशा

डाँफे = नेपालको उत्तरतिर पाइने रङ्गीचङ्गी प्वाँख भएको चरो, नेपालको राष्ट्रिय चरो ।

सगरमाथा = सबैभन्दा अग्लो हिमाल

शिखर = पहाड र हिमालको माथिल्लो भाग, चुचुरो

समथर = सम्म परेको

रहर = इच्छा

झर्ना = अग्लो ठाउँ वा पहाडबाट झरेको पानी

लालीगुराँस = नेपालको पहाडमा पाइने रातो खालको फूल, नेपालको राष्ट्रिय फूल

ढकमक्क = धेरै फूल फुल्ने गरी

अभ्यास २ **छलफल गर र उत्तर भन –**

(क) हिउँ पग्लेर कहाँ जान्छ ?

(ख) कुन ठाउँ समथर छ ?

(ग) खाने कुराहरू बढी कुन ठाउँमा हुन्छ ?

(घ) पहाडमा के-के हुन्छन् ?

(ङ) हाम्रो देशलाई कुन-कुन भागमा बाँडिएको छ ?

अभ्यास ३ **मिल्दो शब्द छानेर खाली ठाउँमा लेख –**

डाँफे	सगरमाथा
ढकमक्क	लालीगुराँस

(क) सबैभन्दा अग्लो हिमाल ..... हो ।

(ख) हाम्रो राष्ट्रिय चरो ..... हो ।

(ग) बारीमा ..... फूल फुलेका छन् ।

(घ) वनमा ..... पाइन्छ ।

अभ्यास ४ समूहमा नमिल्ने शब्द कापीमा लेख -

(क)	उत्तर	दक्षिण	पानी
(ख)	सगरमाथा	धान	हिमाल
(ग)	लालीगुराँस	गुलाफ	मकै
(घ)	पहाड	समथर	तराई
(ङ)	पानी	झर्ना	फूल

अभ्यास ५ उदाहरण हेरेर खाली ठाउँमा मिल्दो शब्द लेख -

उदाहरण :

हिमालमा बस्नेलाई हिमाली भन्छन् ।

(क) पहाडमा बस्नेलाई ..... भन्छन् ।

(ख) नेपालमा बस्नेलाई ..... भन्छन् ।

(ग) सानो गेडोलाई ..... भन्छन् ।

(घ) सानो थैलोलाई ..... भन्छन् ।

(ङ) सानो कचौरालाई ..... भन्छन् ।

अभ्यास ६ **उदाहरण हेरेर तालिकाबाट आठ ओटा वाक्य बनाऊ –**

उदाहरण :

पाकेको आँप गुलियो हुन्छ ।
पाकेको आँप मीठो हुन्छ ।

पाकेको	आँप मेवा सुन्तला अम्बा स्याउ	गुलियो मीठो	हुन्छ ।

अभ्यास ७ **तलको उदाहरण हेर र त्यसै गरी लेख –**

उदाहरण :

पग्लनु	=	**पग्ली**
बग्नु	=	**बगी**

(क) बढार्नु

(ख) उठ्नु

(ग) हिँड्नु

अभ्यास ८ तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर–

ढकमक्क	झमक्क
भुसुक्क	झलमल्ल

अभ्यास ९ हाम्रो देश नेपाल राम्रो हुनाका कारणहरू लेख –

पाठ १९

गाई र घोडा

लहलहाउँदो
कल्चौंडो
उपाय
चङ्ख
बुई
दाम्लो
बन्धन

कुनै जङ्गलमा एउटा गाई र एउटा घोडा बस्थे । जङ्गलभरि लहलहाउँदो घाँस थियो । ती दुवै त्यही घाँस चरेर बसेका थिए ।

एक दिन घोडाले सोच्यो- "यो गाई नभए त सिङ्गै वनमा मेरो रजाइँ हुन्थ्यो । यो सबै मीठो घाँस म एक्लै खान पाउँथेँ ।"

घोडाले गाईलाई त्यस जङ्गलबाट खेद्ने उपाय खोज्न थाल्यो । ऊ एक जना मान्छेकहाँ पुग्यो र नम्र भएर भन्यो- "ए मान्छे, तपाईंलाई थाहा छैन ? हेर्नुहोस्, त्यस गाईका कल्चौंडामा अमृतसमान दूध छ । त्यसलाई समात्नुहोस् र थुनबाट दूध दुहेर खानुहोस् ।"

मान्छेले भन्यो- "घोडा, तिमीले राम्रो कुरा गऱ्यौ, तर हेर, त्यो गाई अति चङ्ख छ । समात्न खोज्यो कि

बुर्कुसी मारेर दगुर्छ । कसरी समात्ने ?" घोडाले भन्यो- "तपाईं चिन्ता नलिनुहोस् । मदत गर्ने म छँदैछु नि । म गाईभन्दा धेरै छिटो दगुर्न सक्छु । आउनुहोस्, मेरो बुई चढ्नुहोस् । म गाईको पछिपछि दगुरिदिन्छु । अनि त तपाईं त्यसलाई सजिलैसित समात्न सकिहाल्नुहुन्छ नि !"

घोडाको कुरा सुनेपछि मान्छे उसको बुई चढ्यो । घोडा गाई भएतिर दगुऱ्यो । गाई सकेसम्म बलले भाग्यो, तर घोडाजति दगुर्न सकेन । अन्त्यमा उसलाई मान्छेले समात्यो । उसले गाईलाई घरमा लगेर बाँध्यो ।

घोडा खुसी भयो । सबै जङ्गल अब उसकै भयो । त्यो मीठो घाँस अब उसले कति खानु! कुरो घोडाले सोचेजस्तो भएन । घोडाको बुई चढ्दा मान्छेलाई निकै मजा भएको थियो । उसले घोडालाई पनि घरमा लगेर दाम्लाले बाँध्यो । गाईलाई बन्धनमा पार्न खोज्दा घोडाले आफूलाई पनि बन्धनमा पाऱ्यो ।

अभ्यास १ तलका शब्दहरूको अर्थ बुझ -

लहलहाउँदो - सप्रेको
रजाइँ - राज्य गर्ने काम
खेद्नु - लखेट्नु
कल्चौंडो - थुन हुने भाग
अमृत - मरेको मान्छेलाई पनि बचाउने कुरो
उपाय - तरिका
चङ्ख - बाठो
बुई - पिठिउँको बोकाइ
दाम्लो - बस्तुभाउलाई बाँध्ने डोरी
बन्धन - बाँध्ने साधन

अभ्यास २ छलफल गर र उत्तर भन -

(क) घोडाले गाईलाई किन जङ्गलबाट खेद्ने विचार गऱ्यो ?

(ख) घोडाले मान्छेकहाँ पुगेर के भन्यो ?

(ग) घोडाले गाईलाई समात्ने कस्तो उपाय बतायो ?

(घ) मान्छेले गाईलाई कसरी समात्यो ?

(ङ) मान्छेले घोडालाई किन बाँध्यो ?

अभ्यास ३ **कसले कसलाई भनेको हो ?**

(क) "गाईको कल्चौँडामा अमृतसमान दूध छ ।"

(ख) "त्यो गाई अति चङ्ख छ ।"

(ग) "आउनुहोस्, मेरो बुई चढ्नुहोस् ।"

अभ्यास ४ **मिल्दो शब्द छानी वाक्य पूरा गर-**

दाम्ला	लहलहाउँदो	कल्चौंडा	पछिपछि	बुई

(क) जङ्गलभरि ..... घाँस थियो ।

(ख) गाईको ..... मा दूध छ ।

(ग) उसले गाईलाई ..... ले बाँध्यो ।

(घ) उसले घोडाको ..... चढ्यो ।

(ङ) म गाईका ..... दगुर्छु ।

अभ्यास ५ तलको उदाहरण हेरेर तालिकाबाट दश ओटा वाक्य बनाऊ -

उदाहरण :

आमा, तपाईं जानुहोस् ।
आमा, तपाईं आउनुहोस् ।

आमा, बा, गुरु, गुरुआमा,	तपाईं	जानुहोस् । आउनुहोस् सिकाउनुहोस् ।

अभ्यास ६ तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर -

लहलहाउँदो	रजाइँ	खेद्नु
कल्चौंडो	अमृत	उपाय

अभ्यास ७ **पूरा वाक्यमा उत्तर लेख –**

(क) कसले घोडा चढ्यो ?

(ख) कसले दूध दिन्छ ?

(ग) जङ्गलमा को-को बस्थे ?

(घ) गाईलाई केले बाँध्छन् ।

अभ्यास ८ **छेउका शब्दहरू हेरेर मिल्ने अक्षरहरू खाली कोठामा लेख –**

				सो
				म
		आ	मा	बा
		इ	ना	र
भ	र	त		
रे		बा	ल	क
था		र	ग	त

आमाबा

सोमबार

भरिया

इनार

रगत

आइतबार

भरत

बालक

माना

पाठ २० पहिरे गाउँको फुस्रे डाँडो

फुस्रो
वृक्षारोपण
भारी
अँगालो
मुहान
वर्षा

"यो रेडियो नेपाल हो । अहिले बिहानको साढे सात बजेको छ । अब सुन्नुहोस्, वन-वाटिका कार्यक्रम । कार्यक्रमको सुरुमा सुन्नुहोस्- पहिरे गाउँको कथा । यो कथा पहिरे गाउँका बनपालेले पठाउनुभएको हो ।"

"पहिरे गाउँको फुस्रे डाँडामा अस्ति वृक्षारोपण गरियो । गाउँका केटाकेटी, बूढाबूढी र ठिटाठिटीले वृक्षारोपण गरे । सबैले मिलेर वृक्षारोपण गरेका थिए । केही वर्षअघि यो गाउँ हरियो थियो । बस्तुभाउ चराउन र घाँसपात काट्न दुःख थिएन ।

पछि मानिसहरूले यहाँका रूखबिरुवा काट्न थाले । भारीका भारी दाउरा ओसार्न थाले । अहिले यहाँ कुनै पनि रूखबिरुवा छैनन् । अहिले त एक अँगालो दाउरा पाउन पनि गाह्रो छ । रूखबिरुवा नभएकाले यहाँ धेरै दुःख

छ । पानीको मुहान सुकेको छ । जताततै सुक्खा छ । वर्षामा पहिराले ज्यादै दुःख दिन्छ । बाढी आएर माटो बगाएर लैजान्छ । मानिसहरू अहिले यस गाउँलाई पहिरे गाउँ भन्छन् । यहाँको डाँडालाई फुस्रे डाँडो भन्छन् ।"

श्रोताहरू ! अहिले हामीले एउटा कथा सुन्यौं । फुस्रे डाँडामा वृक्षारोपण भएको कुरा पनि सुन्यौं । अब दुई-चार वर्षमा त्यो ठाउँ कस्तो होला ? त्यो गाउँ र त्यहाँका डाँडाहरू हरिया हुनेछन् । अनि त्यहाँ पहिरो जानेछैन । बस्तुभाउ चराउन टाढा जानुपर्नेछैन । गाउँको नाम पनि पहिरे गाउँ हुनेछैन । डाँडालाई पनि फुस्रे डाँडो भनिदैन होला । ल त, अहिलेलाई यति नै, नमस्कार !"

अभ्यास १ **तलका शब्दको अर्थ बुझ -**

फुस्रो = रूखो

वृक्षारोपण = बिरुवा रोप्ने काम

बस्तुभाउ = गाईभैँसी आदि

मुहान = पानी निस्कने ठाउँ, मूल

वर्षा = पानी परिरहने समय, असार र साउनको बेला

भारी = एक जनाले बोक्न सक्नेजति बोझ

अँगालो = दुई हात फैलाएर च्याप्न सकिने जति

अभ्यास २ **छलफल गर र उत्तर भन -**

(क) त्यो गाउँ र डाँडाको नाम के-के हो ?

(ख) किन त्यस्तो नाम रहेको होला ?

(ग) केही वर्षअघि त्यो गाउँ कस्तो थियो ?

(घ) अब केही वर्षपछि त्यो गाउँ कस्तो होला ?

(ङ) बनपाले भनेको को हो ?

(च) पछि गएर त्यो गाउँको नाम के राख्छन् होला ?

(छ) त्यो डाँडाको नाम के राख्छन् होला ?

अभ्यास ३ **कुनचाहिं ठीक छ, छानेर कापीमा लेख -**

(क) पहिरे गाउँको कथा कसले पठाएको हो ?

- रेडियो नेपालले
- बनपालेले

(ख) कुन कार्यक्रममा यो कथा आएको हो ?

- कृषि कार्यक्रम
- वन-वाटिका कार्यक्रम

अभ्यास ४ **कसले कसलाई भनेको हो ?**

"श्रोताहरू ! अहिले हामीले एउटा कथा सुन्यौं ।"

अभ्यास ५ **तलका कुरा बुझ-**

फुस्रो - फुस्रे	पहिरो - पहिरे
पालो - पाले	कालो - काले

अभ्यास ६ **खाली ठाउँमा मिल्ने शब्द लेख –**

(क) बिरुवा रोप्ने कामलाई ..... भनिन्छ ।

(ख) रूखबिरुवा भएन भने पानीको ..... सुक्छ ।

(ग) वनको हेरचाह गर्ने मानिस ..... हो ।

(घ) रूख नभएको ठाउँमा वर्षामा ..... जान्छ ।

(ङ) रूखबिरुवा भयो भने गाउँ ..... हुन्छ ।

अभ्यास ७ **ठीक भएको वाक्य मात्र कापीमा सार –**

(क) वृक्षारोपण भनेको रूख काट्नु हो ।

(ख) पहिरो गयो भने माटोको नास हुन्छ ।

(ग) बनपालेले वनको रक्षा गर्छ ।

(घ) वन नभए घाँसदाउरा पाइँदैन ।

(ङ) वस्तुभाउलाई घाँस चाहिँदैन ।

अभ्यास ८ तलको उदाहरण हेरेर तालिकाबाट दश ओटा वाक्य बनाऊ-

उदाहरण :

कालेले एक भारी दाउरा ल्यायो ।

कालेले एक अँगालो दाउरा ल्यायो ।

कालेले गोरेले मोटेले	एक दुई	भारी अँगालो	दाउरा	ल्यायो ।

अभ्यास ९ उदाहरण हेरेर त्यसै गरी लेख -

उदाहरण :

फुस्रो - फुस्रे

(क) डल्लो - .....

(ख) गोरो - .....

(ग) मोटो - .....

पाठ २१

कस्तो राम्रो सपना !

ओहो !
आहा !
बिचरा !
स्याबास् !

विजय कक्षा दुईको चकचके केटो हो । ऊ आफ्नो सामानको हेरविचार गर्दैन । ऊ लुगा पनि जथाभाबी फाल्छ । ऊ किताब पनि भुइँमा जथाभाबी फाल्छ । आज पनि विद्यालयबाट फर्केपछि उसले किताब फ्यात्त फाल्यो अनि खेल्न गयो । ऊ खेलेर धूलैधूलो भएर घर फर्क्यो । ऊ अबेला घर फर्क्यो । ऊ सरासर आफ्ना कोठामा गयो । उसका खुट्टाभरि

धूलैधूलो थियो । विजयले अघि भुइँमा फालेको किताब कुल्च्यो ।

विजयले मनमनै भन्यो- "ओहो ! के हो यो ? हत्तेरी ! किताब पो रहेछ ! किताबको गाता पनि दोब्रियो । कस्तो नराम्रो, छि !" उसले किताबलाई ढोग्यो ।

बेलुका भात खाएर ऊ सुत्यो । सुत्नासाथ ऊ भुसुक्क निदायो । विजयले सपना देख्यो ।

विजय विद्यालय गइरहेको थियो । उसले बाटामा मानिसहरूको भीड देख्यो । केको भीड रहेछ, हेर्नुपर्‍यो भनेर विजयले विचार गर्‍यो । अनि ऊ पनि त्यस भीडमा पस्यो ।

भीडको बीचमा एउटा वस्तु रोइरहेको रहेछ । त्यो वस्तुलाई देखेर एउटा मानिसले भनिरहेको थियो - "ओहो ! बिचरा ! घाइते भएको रहेछ ! हेर त, जीउभरि धूलैधूलो पनि छ । कसले यस्तो गरेको होला हगि ?"

भीडमा बसेको अर्को मानिसले भन्यो- "उसको मालिकले उसलाई जथाभाबी फाल्यो रे । अनि कुल्च्यो रे । कस्तो खराब मानिस रहेछ !" सबै मानिसहरूले भने- "कस्तो खराब मानिस रहेछ !"

एक जना मानिसले त्यो वस्तुको नजिकै गएर सोध्यो- "ए भाइ ! तिम्रो मालिक को हो ? ऊ कहाँ छ ?" त्यो वस्तुले विजयतिर फर्केर भन्यो- "ऊ त्यो मानिस मेरो मालिक हो ।" भीडका सबैले विजयतिर हेरे । विजयलाई अचम्म लाग्यो ।

"म ? किन ? मैले केही पनि गरेको छैन ।" विजयलाई डर लाग्यो । त्यो वस्तुले रुँदै भन्यो- "केही पनि गरेको छैन रे ? मलाई हेर त, मलाई तिमीले नै यस्तो गरेका हौ ।"

त्यो वस्तु अरू केही होइन । विजयको किताब नै थियो । उसको किताब कच्याककुचुक भएको थियो । उसको किताब च्यातिएको थियो । मानिसहरू ऊसँग रिसाए- "यो केटो त खराब रहेछ ! फोहोरी रहेछ ! यसलाई पिट्नुपर्छ ।"

विजयलाई ज्यादै डर लाग्यो । ऊ डरले भाग्न लाग्यो । मानिसहरू पनि उसको पछिपछि दौडे । उसलाई लखेट्न लागे । उसलाई धेरै डर लाग्यो । ऊ डरले करायो - "ए बा ! ए आमा !



विजय झल्याँस्स बिउँझ्यो ।

उसले सपनाका सबै कुरा सम्झ्यो । आफूले किताबलाई जथाभाबी फाल्ने गरेको पनि सम्झ्यो ।

"म त खराब मानिस पो रहेछु ।" विजयले मनमनै भन्यो- "अबदेखि म किताबलाई जथाभाबी फाल्दिन । किताबलाई माया गर्छु । किताबको जतन गर्छु ।"

भोलिपल्ट बिहान विजय भात खाएर फटाफट विद्यालय गयो । सपनामा देखेको जस्तो भीड बाटामा थिएन । ऊ विद्यालय पुग्नासाथ गुरुआमाको कोठामा गयो । अनि उहाँलाई भेट्यो ।

विजय - "नमस्ते गुरुआमा ! "

गुरुआमा - "नमस्ते ! विजय, तिमी आज त चाँडै नै विद्यालयमा आएछौ नि । झोला पनि बोकेछौ ।"

विजय - "अबदेखि म सधैँ चाँडै आउँछु ।
किताब टाँस्ने कुरा छ गुरुआमा ?"

मिस - "किन र ?"

विजय - "मेरो किताब टाँस्न गुरुआमा । मेरो किताबको गाता च्यातियो । किताब पनि कच्याककुचुक भएको छ ।"

विजयले राती देखेको सपना गुरुआमालाई सुनायो ।

गुरुआमा - "आहा ! तिमीले कति राम्रो सपना देखेछौ !"

विजय - "अब म किताबको जतन गर्छु । म कहिल्यै किताब फाल्दिनँ । म किताबलाई राम्रोसँग झोलामा राख्छु । च्यातियो भने टाँसेहाल्छु ।"

गुरुआमा - "स्याबास ! तिमी धेरै असल छौ । किताब-कापी फाल्नु हुँदैन । किताबकापी च्यात्नु पनि हुँदैन । साथीहरूलाई पनि भन है ? ल लेऊ टाँस्ने कुरा ।"

विजय टाँस्ने कुरा लिएर सरासर आफ्नो कक्षाकोठातिर गयो । उसले आफ्ना किताबहरू टाँस्यो ।

अभ्यास १ **तलका शब्दहरूको अर्थ बुझ -**

जथाभाबी	=	जस्तो मन लाग्यो उस्तै गरी
गाता	=	किताब र कापीका बाहिर हालिने जिल्ला ।
कच्याककुचुक	=	नराम्रोसँग खुम्चिएको, दोब्रिएको
भीड	=	धेरै मानिसहरूको हूल
मालिक	=	कुनै पनि मालको धनी
अचम्म	=	गजब, छक्क
झल्याँस्स	=	निदाएको बेलामा एक्कासि बिउँझने गरी
जतन	=	नबिग्रियोस् भनेर गरिने हेरविचार

अभ्यास २ **छलफल गर र उत्तर भन-**

(क) सुरुमा विजय किताबलाई के गर्थ्यो ?

(ख) विजयको किताब कसरी कच्याककुचुक भयो ?

(ग) गुरुआमाले विजयलाई के भन्नुभयो ?

(घ) तिम्रो आफ्नो किताब कस्तो छ ?

(ङ) तिम्रो किताबको जतन गर्न तिमीले के गर्नुपर्छ ?

अभ्यास ३ **कसले कसलाई भनेको हो -**

(क) "ए ! के हो यो ? हत्तेरी ! किताब पो रहेछ !"

(ख) "ओहो ! बिचरा ! घाइते भएको रहेछ !"

(ग) "मलाई तिमीले नै यस्तो गराएका हौ ।"

(घ) "स्याबास् ! तिमी धेरै असल छौँ !"

(ङ) "आहा ! तिमीले कति राम्रो सपना देखेछौ !"

अभ्यास ४ **उच्चारण गर र कापीमा लेख -**

फ्यात्त	धूलैधूलो	हत्तेरी
झल्यास्स	कुल्च्यो	दोबिग्यो
जथाभावी		

अभ्यास १ **मिल्दो शब्द छानी वाक्य पूरा गर –**

जिल्ला	कच्याककुचुक	भीड	जतन
अचम्म	झल्याँस्स	मालिक	जथाभाबी

(क) विजय ..... किताब फाल्छ ।

(ख) तिम्रो कुरा सुनेर मलाई ..... लाग्यो ।

(ग) म सधैँ किताबमा ..... हाल्छु ।

(घ) उनी आफ्नो सामानको ..... गर्छिन् ।

(ङ) कागजलाई ..... पारेर नराख !

(च) बजारमा मानिसको ..... हुन्छ ।

(छ) तिमी कराएको हुनाले म ..... बिउँझिएँ ।

(ज) उसका मालसामानको ..... ऊ हो ।

अभ्यास ६ **उदाहरणमा दिइएजस्तै तलका शब्दहरूको रूप बदली वाक्यमा प्रयोग गर :-**

उदाहरण :

बोक्नु	=	**बोकेछौ**	तिमीले झोला बोकेछौ ।
बाल्नु	=	**बालेछौ**	तिमीले आगो बालेछौ ।

(क) खानु =

(ख) काट्नु =

(ग) पढ्नु =

(घ) सुन्नु =

(ङ) गर्नु =

अभ्यास ७ तलका शब्दहरूको शुद्ध उच्चारण गर । बेठीक उच्चारणलाई ✗ चिन्हले काटिएको कुरा पनि बुझ –

ब । व

ब - बाघ किताब बीच

व - विजय विद्यालय विचार

य । ए

य - यज्ञ यसरी ~~एज्ञ~~ ~~एसरी~~

ए - एक गए ~~यक~~ ~~गेय~~

क्ष । छ्य

क्ष - रक्षा शिक्षा ~~रछ्या~~ ~~शिछ्या~~

छ्य - ओछ्यान छ्याप्नु ~~ओक्षान~~ ~~क्षाप्नु~~

अभ्यास ८ ठीक-ठीक शब्दहरू मात्र कापीमा सार -

यति	एति	खाए	खाय
बिजय	विजय	एसरी	यसरी
सरस्वती	सरसोती	विद्यालय	विध्यालय

अभ्यास ९ तलको उदाहरण हेर र त्यसै गरी लेख -

उदाहरण :

धूलोमात्र भएको = धूलैधूलो
रूखमात्र भएको = रूखैरूख

(क) माटोमात्र भएको = ...

(ख) सागमात्र भएको = ...

(ग) आगोमात्र भएको = ...

(घ) धूवाँमात्र भएको = ...

(ङ) घरमात्र भएको = ...

अभ्यास १० तलको उदाहरण हेर । तालिकाबाट दश ओटा वाक्यहरू बनाऊ –

उदाहरण :

तिम्रो खुट्टाभरि धूलो छ ।
तिम्रो खुट्टाभरि घाउ छ ।

तिम्रो उसको	खुट्टाभरि जीउभरि हातभरि	धूलो घाउ	छ ।